राष्ट्रिय सतर्कता केन्द्र
दर्ता नं.: 3266
मिति: २०८२।१२।६

C-050447
2082-12-06

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं
दर्ता नं. 3926
दर्ता मिति २०८२।१२।६

२०८२/१२/०६

श्रीमान् प्रमुख आयुक्तज्यू,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,टंगाल, काठमाडौं।

विषय: नेपाल स्वास्थ्य व्यवसायी परिषद् (NHPC) मा भएको आर्थिक अनियमितता, पदको दुरुपयोग र भ्रष्टाचार सम्बन्धमा छानबिन गरी पाऊँ।

महोदय,

देशभरका स्वास्थ्य व्यवसायीहरूको नियमन र दर्ता गर्ने जिम्मेवारी पाएको 'नेपाल स्वास्थ्य व्यवसायी परिषद्' (NHPC) भित्र सीमित पदाधिकारीहरूको मिलेमतोमा संस्थागत लुट, भ्रष्टाचार र विद्यार्थी तथा शिक्षण संस्थाहरूमाथि चरम शोषण भइरहेको पाइएकाले यो उजुरी पेश गरेको छु। यस अवैध धन्दामा संलग्न मुख्य व्यक्तिहरू र उनीहरूका कर्तुतहरूको विवरण देहाय बमोजिम छः

१. विपक्षीहरूः

•लिलानाथ भण्डारीःरजिष्ट्रार, नेपाल स्वास्थ्य व्यवसायी परिषद्।

•मुकेश झाःसदस्य (विगत १५ वर्षदेखि परिषद्मा जरा गाडेर बसेका), नेपाल स्वास्थ्य व्यवसायी परिषद्।

•बसन्त श्रेष्ठःसदस्य(एमाले नेताहरुको नाम भजाउँदै धर्काउँदै), नेपाल स्वास्थ्य व्यवसायी परिषद्।

२. अनियमितताका मुख्य बुँदाहरूः

- **खरीद प्रक्रियामा सेटिङ र कमिसनः**परिषद्का लागि आवश्यक पर्ने सामग्री तथा सफ्टवेयर खरीदमा खुल्ला प्रतिस्पर्धालाई निषेध गरी यी तीन जनाको प्रत्यक्ष मिलेमतोमा 'सेटिङ' मिलाई लाखौं रुपैयाँ अनियमितता गरिएको छ। विशेषगरी सफ्टवेयर खरीदका नाममा ठूलो रकम हिनामिना गरिएको छ।

- **भत्ताको नाममा गैरकानुनी दोहन**:सदस्यहरूको नियमित तलब नहुने प्रावधान रहे तापनि विभिन्न शीर्षकमा नक्कली कार्य विवरण बनाई प्रतिव्यक्ति मासिक २ देखि ३ लाख रुपैयाँसम्म भत्ताका नाममा राज्यकोषबाट दोहन गर्ने गरिएको छ।
- **नातावाद र नियमविपरीत नियुक्ति**:परिषद्को कर्मचारी भर्ना प्रक्रियामा नियमको उल्लंघन गर्दै आफ्ना निकटका व्यक्तिहरूलाई प्रवेश गराइएको छ। संस्थाको परीक्षा संचालन र अनुगमन जस्ता संवेदनशील कार्यमा आफ्नै ससुरा, सालो, बुहारी लगायतका नातेदारहरूलाई खटाएर आर्थिक लाभ दिने र गोपनीयता भङ्ग गर्ने कार्य भइरहेको छ।
- **संस्थागत अल्पमतको फाइदा**:१३ सदस्यीय परिषद्मा हाल अध्यक्षसहित ६ जना मात्र सदस्य रहेको र तीमध्ये ३ जना पदेन सदस्य (जो समय दिन असमर्थ छन्) रहेको अवस्थाको फाइदा उठाउँदै यी तीन व्यक्तिले परिषद्लाई आफ्नो निजी स्वार्थ पूर्तिको अखडा बनाएका छन्।
- **वविद्यार्थीमाथि शोषण र रकम असुली**: लाइसेन्सिङ परीक्षा र नाम दर्ताका क्रममा विद्यार्थीहरूलाई अनावश्यक प्रशासनिक झमेलामा पारी दुःख दिने र काम छिटो गरिदिने बहानामा अवैध रूपमा पैसा असुल्ने सञ्जाल चलाइएको छ।
- **कलेजहरूलाई धम्की र 'सेटलमेन्ट'**: अनुगमनकानाममा तथा सिट र मापदण्डका विषयमा स्वास्थ्य शिक्षा पढाउने कलेजहरूलाई त्रसित बनाउने, कैफियत देखाएर धम्क्याउने र मुद्दा मिलाउने नाममा ठूलो परिमाणमा 'अन्डर द टेबल' कमिसन लिने गरिएको छ।

३. **मागदाबी**:उपरोक्त तथ्यहरूले परिषद्मा सार्वजनिक पदको दुरुपयोग गरी भ्रष्टाचार भएको स्पष्ट पुष्टि हुन्छ। अतः यस विषयमा तत्काल गहिरो अनुसन्धान गरी दोषीहरूलाई भ्रष्टाचार निवारण ऐन बमोजिम कडा कारबाही गर्न र संस्थाको सम्पत्ति संरक्षण गर्न जोमदार माग गर्दछौं।

यस सम्बन्धमा आवश्यक थप प्रमाण र कागजातहरू अनुसन्धानको क्रममा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछु।

**निवेदकः**

नेपाल स्वास्थ्य व्यवसायी परिषदबाट पीडित व्यक्तिहरु